मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२७ औं वर्षमा Purwanchal National Daily

समृद्ध विश्वका लागि हिंसा होइन महिलालाई आदर देऊः पृष्ठ २



◆ वर्ष : २७ ◆ अङ्क : १४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ मंसीर १४ गते मंगलवार (Tuesday, November 30. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सहमतिको प्रयास बिफल

## ओली र रावल भीड्दै





एमाले १०औं महाधिवेशन

**झापा, मंसीर १३।** नेकपा (एमाले) को अध्यक्षका लागि केपी शर्मा ओली र डा. भीम रावलले उम्मेदवारी दर्ता गराएका छन्। उम्मेदवारी दर्तापछि दुईबीच अध्यक्ष पदका लागि निर्वाचन हुने निश्चित भएको हो।

एमालेको चितवनको सौराहामा जारी १०औँ महाधिवेशन अन्तर्गत नयाँ नेतृत्वका लागि अध्यक्षको उम्मेदवारी दिएका डा. रावलले उम्मेदवारी फिर्ता नलिने बताएका छन्।

यस्तै उपाध्यक्षमा राति घोषणा गरेको पदाधिकारी सूचीमा नपरेका घनश्याम भुसाल र सचिवमा भीम आचार्यले पनि उम्मेदवारी दिएका छन्। यसबाहेक सबै पदमा यसअघि घोषणा भए बमोजिम उम्मेदवारी परिरहेको छ।

बन्दसत्रमा घोषणा गरिएका पदाधिकारीमा अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल रहेका छन्। यसैगरी उपाध्यक्षमा युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, रामबहादुर थापा, सुवास नेम्वाङ र विष्णु पौडेललाई प्रस्ताव गरिएको छ। यसैगरी महासचिवमा शंकर पोखरेल, उपमहासचिवमा प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल तथा सचिवमा टोपबहादुर रायमाझी, रघुवीर महासेठ, छविलाल विश्वकर्मा, लेखराज भट्ट, योगेश भट्टराई, गोकर्ण विष्ट र पद्ममा अर्याल रहेका छन्। उनीहरु सबैले उम्मेदवारी दिएका छन्।

केन्द्रीय निर्वाचन आयोगले मनोनयन दर्ताका लागि आधा घण्टा थप गरेर १० बजेसम्म पुर्‍याएको थियो। यसअघि ८ बजेदेखि ९:३० बजेसम्मको समय तोकिएको थियो। बिहान १०:३० बजे उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गरिने निर्वाचन आयोगका प्रमुख बिजय सुब्बाले जानकारी दिए। बिहान १०:३० देखि १०:४५ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिन सकिनेछ भने १०:५० बजे उजुरीउपर छानबिन र निर्णय हुनेछ।

यस्तै बिहान ११:५५ देखि १२ बजेसम्म उम्मेदवारलाई उम्मेदवारी फिर्ताको समय दिइएको छ। दिउँसो १२:०५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने र साँझ ९ बजेदेखि मात्रै मतदान शुरु हुनेछ। मतदानको समय मङ्गलबार बिहान ३ बजेसम्म तोकिएको छ। मतदान सकिएपछि मतगणना हुनेछ।

एमालेमा केन्द्रीय समितिदेखि पदाधिकारीसम्म नेतृत्व चयनका लागि सर्वसम्मत प्रयास गर्ने जिम्मा ओलीलाई दिइएको थियो। उनले आइतबार राति प्रस्तावित पदाधिकारी र केन्द्रीय कमिटीको नाम

*(बाँकी अन्तिम पृष्ठमा)*

## गोलोक गोबर्द्धन गौशाला शिवसताक्षीको बार्षिकोत्सव सम्बन्धी अत्यन्त जरुरी सूचना

यदि मिति २०७८।०८।१४, १५, १६ र १७ गते बालाचतुर्दशीको अवसर पारेर गोलोक गोबर्द्धन गौशालाको बार्षिकोत्सव हुने निश्चय भएको हुँदा यस गौशालाका साधारण सदस्य, मानार्थ, आजीवन साथै संरक्षक र सल्लाहकार, गौसेवकहरुलाई यस अगावै निमन्त्रणा पत्र पठाइसकिएको छ। कथम्कदाचित पत्र प्राप्त नभएमाथि उल्लेखित मितिमा तपशिलको मिति समय र स्थानमा अनिवार्य उपस्थित भइदिनुहुन हार्दिक अअनुरोध गरिन्छ।

**मितिः** २०७८ मंसीर १४, १५, १६ र १७ गते **समयः** विहान १० बजेदेखि
**स्थानः** गोलोक गोबर्द्धन गौशाला परिवार


**आनन्दकिशोर भारद्वाजः संरक्षक तथा अध्यक्ष**
**गोलोक गोबर्द्धन गौशाला**
**शिवसताक्षीधाम, झापा (९८५२६३५३३३)**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड**
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## कोरोनाको नयाँ रुप फैलिन नदिन निगरानी

**काठमाडौँ, मंसीर १३।** कोरोना भाइरसको नयाँ रुप (भेरियन्ट) ओमिक्रोन देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको छ। दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने आँकलन गरिएपछि सतर्कता अपनाउन थालिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि नभएको बताए। उनले नेपालमा अहिलेसम्म नदेखिए पनि फैलने सम्भावना रहेको जानकारी दिए। नेपालमा पनि उक्त भाइरस फैलिने सम्भावना उच्च रहेको छ- सहप्रवक्ता डा. अधिकारीले भने- तर हामी फैलिन नदिनका लागि तयारी अवस्थामा रहेका छौँ। उनका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सीमाना जोडिएका नाकामा रहेका सहायता कक्षले विदेशबाट आउने व्यक्तिमा ओमिक्रोन भाइरसको सङ्क्रमण छ वा छैन भनेर निगरानीलाई तीव्र पारेको छ।

यस्तै विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको पनि निगरानी गरिएको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले बताए। ओमिक्रोन भाइरस नयाँ भएकाले यो कति द्रुतगतिमा फैलिन सक्दछ र यसले कस्तो असर पार्दछ भनेर अध्ययन हुन बाँकी छ।

## Vacancy Announcement

| क्र.सं. | पद | योग्यता | संख्या |
|---|---|---|---|
| १. | Accountant | BBA/BBS उत्तीर्ण गरेको | केही |

पारिश्रमिक आपसी सहमतिबाट निर्धारण गरिनेछ।
फारम भर्ने अन्तिम मिति : २०७८/०८/२० गतेसम्म

सम्पर्कः **कन्काई हस्पिटल प्रा. लि.**
बिर्तामोड, झापा (फोन : ०२३-५३३८१८, ९८५२६७१३८५)

## रकम ठगी गरेको अभियोगमा पक्राउ



**काठमाडौं, मंसीर १३।** जबरजस्ती करणी उद्योग मुद्दाका प्रतिवादीलाई छुटाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-१० बस्ने काभ्रे पनौती नगरपालिका-१० घर भएकी २७ वर्षीया रवीना थापालाई प्रहरीले पक्राउ गरेको छ।

जबरजस्ती करणी उद्योग मुद्दामा गत असार १८ गते पक्राउ परी हाल पुर्पक्षको लागि डिल्लीबजार कारागार चारखालमा थुनामा रहेका चाइनिज नागरिक लिउ युईलाई थुनामुक्त गराई दिन्छौं भनी प्रतिवादीकी श्रीमतीबाट २० लाख रुपैयाँ रकम लिई ठगी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१५ छाउनीबाट पक्राउ गरेको हो।

रवीना समेतका २ महिलाहरूले आफ्नो मान्छे वकिल छन्, उनले न्यायाधीश, वकिल सबै चिनेका छन्, सेटिङ मिलाई थुनामा रहेका तपाईंका श्रीमानलाई धरौटीमा छुटाई दिन्छौं

*(बाँकी अन्तिम पृष्ठमा)*

## IMMEDIATE VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** Announces Vacancy For the following post.

| S.N. | Post | Qualification/Experience |
|---|---|---|
| 1 | Lower Secondary In-charge | BA with 3 years of experince field |
| 2 | Primary Incharge | BA with Experience in field |
| 3 | Male/Female Hostel Incharge | Bachelors/ Degree |
| 4 | (+2) Secondary English Teacher | MA (English) |
| 5 | (+2) Social and life skill (Nepali Medium) | MA (Sociology) |
| 6 | Economics/ OBTE Teacher (X/VII) | MA (Eco/MBS) |
| 7 | Lower Secondary Computer Teacher | Bachelor's in Computer |

Interested candidates can submit their documents, CV along with handwritten application by 15th of mangsir.

Principal
**Balmiki Education Foundation**, Birtamode-1, Jhapa
PH: 023-540195 / 023-542820/ 9804952506

## जलेश्वर ट्रेडर्स

ISO: 9001: 2015 CERTIFIED COMPANY

भद्रपुर रोड, बिजुली अफिस दक्षिण, बिर्तामोड, झापा

सम्पर्क नं.
9852671114
9807971114



अन्तरष्ट्रिय गुणस्तरको नेपालमै बनेको आकर्षक तथा मजबुत **Super Market Department Racks** चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला।

## हार्दिक आभार तथा कृतज्ञता







नेपाली कांग्रेस झापाको जिल्ला अधिवेशनमा देउकुमार थेवेको समवेशी टिमलाई मतदान गरी निर्वाचित गराई दिनुहुने क्षेत्रीय प्रतिनिधि, वडा सभापति, मित्रवत प्रतिस्पर्धामा सहभागी उम्मेदवार साथीहरु, निर्वाचन समिति, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा हाम्रो टिमलाई साथ र सहयोग गर्नुहुने सबै शुभेच्छुक, शुभचिन्तकहरुमा हार्दिक धन्यवाद, आभार तथा कृतज्ञता जाहेर गर्दछौं।

**कमल भण्डारी**
**कालेन्द्रसिंह राजवंशी**
नवनिर्वाचित उपसचिव

**कृष्ण हुमागाँई**
**नवीन विमली**
नवनिर्वाचित सचिव

**शेरबहादुर भट्टराई**
**केशवराज पाण्डे**
नवनिर्वाचित उपसभापति

**देउकुमार थेवे**
नवनिर्वाचित सभापति

**नेपाली कांग्रेस झापा परिवार**

सिक्किम साहित्य उत्सव

# 'नेपाली भाषालाई विश्वमा चिनाउनुपर्छ'

पार्थ मण्डल

**झापा, मंसीर १३।** नेपाली भाषीको बाहुल्य रहेको छिमेकी राष्ट्र भारतको पूर्वोत्तर सिक्किम राज्यको मनन भवनमा दर्शक खचाखच थिए। भवनमा दर्शकको ताली, संगीतसँगै कविता कन्सर्ट गर्दै थिए- नेपालका चर्चित युवाकवि नवराज पराजुली।

झापाका युवा कवि पराजुलीको कविता वाचनशैलीको प्रशंसक धेरै छन्। यही वाचनशैली सिक्किमका दर्शकले पनि औधी मन पराए। पहिलोपटक सिक्किम पुगेका नवराजलाई दर्शकश्रोताको तालीको वर्षा भयो। कवि पराजुलीका कवितासँगै झुम्यो सिक्किम। कवि पराजुलीले एक घण्टाभन्दा धेरै आफ्नो प्रस्तुति दिए। प्रस्तुतिको समयमा सिक्किमका दर्शक मात्र नभई मुख्यमन्त्री प्रेमसिंह तामाङ (पिएस् गोले) सहित मन्त्री, सांसदहरू पनि मन्त्रमुग्ध भए।

यो दृश्य शुक्रबार सिक्किम राजधानी गान्तोकस्थित मनन भवनमा आयोजित सिक्किम साहित्य उत्सव २०२१ को हो। आयोजक थियो- सिक्किमको हाम्रो वार्ता टेलिभिजन। यो कार्यक्रम टेलिभिजनले आफ्नो दोस्रो वार्षिक उत्सवको अवसरमा आयोजना





गरेको थियो।

कविता वाचन गर्नु अघि युवा कवि पराजुलीले भने- 'सिक्किम पहिलोपटक आएको हुँ, स्वच्छ, सफा र सुन्दर सिक्किम प्रवेश गर्दा सडकमा आफ्नो ठूल्ठूला पोस्टर देख्दा यहाँका जनताप्रति आभारी भएको छु।' 'मलाई यहाँका जनताले हिरो नै बनाए, यो क्षण जीवनभर कहिल्यै भुल्ने छुइनँ'- उनले भने। त्यति भन्दै उनले सुरु गरे सङ्गीतमय कविता वाचन। जेल जीवन बसेका बेला मुख्यमन्त्री पिएस् गोलेले लेखेको एउटा कविता वाचन गर्दै उनले कार्यक्रम शुरु गरेका थिए।

कार्यक्रम मुख्यमन्त्री गोलेले लगायतका अतिथिहरूले कवि पराजुलीले लेखेको पुस्तकको सिक्किममा लोकार्पण गरे। त्यसपछि उनले 'ऊ' भन्ने शीर्षकको 'जो मान्छे तिमी बाहेक अन्त सुरक्षित छैन', मोक्ष भन्ने शीर्षकको म बटुवा होइन बाटो हुँ, हेप्पी बर्थडे शीर्षकको हेप्पी बर्थडे मेरो छोरा, एक्लै भन्ने शीर्षकको म एक्लै एक्लो छैन, म जस्तै एक्लो अर्कैछ लगायतका सङ्गीतमय कविता वाचन गरी दर्शकलाई भावुक नै बनाए।

नेपाली युवा कवि पराजुली जस्तै साहित्य उत्सवमा दार्जीलिङकी कवि पवित्र लामा, कालिम्पोङका कवि मनोज बोगटी र सिक्किमका प्रवीण राई (जुमेली)ले कविता वाचन गर्दा पनि दर्शकश्रोताको ताली बर्साएका थिए। कार्यक्रममा विद्यार्थीहरूले मारुनी, भोटिया, लेप्चा नृत्य समेत प्रस्तुत गरेका थिए, भने दुवै हात नभएका विक्रम भट्टराईले खुट्टाले चित्रकला प्रदर्शन गरेका थिए। साथै साहित्य उत्सवको अवसरमा आयोजक समितिले कवि राजेन्द्र भण्डारी, चेतनराज श्रेष्ठ, गुप्त प्रधान, केएन शर्मा, वाणीश्री खरेल, शशि शेर्पा र रचना बुक्स एण्ड पब्लिकेशनलाई अभिनन्दन गरेको थियो। उनीहरूलाई मुख्यमन्त्री गोलेले अभिनन्दन गरेका हुन्। कार्यक्रमलाई भव्य र सफल बनाउने मुख्य सहयोगी भूमिका निर्वाह गरेका मुख्यमन्त्री गोलेलाई आयोजक समितिले समेत अभिनन्दन गरेको थियो। आयोजक समितिका उपाध्यक्ष भीम रावतले स्वागत गरेको कार्यक्रममा समितिका महासचिव दिवस राईले धन्यवाद ज्ञापन गरेका थिए।

**नेपाली भाषालाई विश्वमा चिनाउनु पर्छ :** मुख्यमन्त्री गोले

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ (पिएस् गोले)ले भारतको सिक्किम, दार्जीलिङ, कालिम्पोङ र छिमेकी राष्ट्र नेपालमा मात्र नभई नेपाली भाषा, साहित्य, संस्कृति र कलालाई विश्वमा चिनाउनुपर्ने बताएका छन्।

आफ्नो जाति र भाषा कुनै पनि ठाउँमा छैन भने त्यसको छुट्टै महत्व हुने बताउँदै मुख्यमन्त्री गोलेले भने- तपाईं विदेशमा जानुहोस्, त्यहाँ आफ्नो जाति, भाषा, संस्कृतिको महत्व थाह हुन्छ, विदेशमा कुनै नेपाली भाषी भेट्नुहुन्छ भने तपाई कति खुशी महशुस गर्नुहुन्छ त्यति बेला।' 'त्यसैले नेपाली भाषा, साहित्य र कलालाई विश्वभर फैलाउन हामी सबै आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्छ'- उनले भने। 'हामीले कुनै आवेदन पत्र लेख्नु पर्‍यो भने अङ्ग्रेजी भाषामा लेख्छौं, नेपाली भाषामा लेख्दैनौं, हामीले नै नेपाली भाषालाई अपहेलना गर्छौं'- उनले भने- 'आफ्नो भाषालाई आफैले बलियो बनाउनुपर्छ, हामी त्यसतर्फ लाग्नुपर्नेछ।'

भारतको संविधानको आठौं अनुसूचीभित्र नेपाली भाषाले मान्यता पाएको बताउँदै उनले भने- अब भारतमा पनि नेपाली भाषाको छुट्टै पहिचान र महत्व छ, देशको संसद्मा पनि सिक्किम र दार्जीलिङका लोकसभा सांसदले नेपाली भाषामा बोल्न पाइरहेका छन्। 'भारतको संविधानमा नेपाली भाषाले मान्यता पाए पनि सिक्किममा यसले महत्व पाएको थिएन, त्यसैले हरेक वर्ष २० अगस्टलाई सिक्किममा नेपाली भाषा दिवस मनाउने घोषणा गरेका छौं'- उनले भने।

**हरेक वर्ष साहित्य महोत्सव मनाउने सिक्किम सरकारको घोषणा**

सिक्किमका मुख्यमन्त्री पिएस् गोलेले पूर्वज साहित्यकार र कविहरूको नाममा अपतन फेलोसिप कार्यक्रमको घोषणा गरेका छन्। सिक्किम साहित्य उत्सवमा सम्बोधन गर्दै मुख्यमन्त्री गोलेले सिक्किममा भाषा र साहित्यमा पिएचडी गर्नेलाई लाग्ने सबै खर्च राज्य सरकारले व्यहोर्ने घोषणा समेत गरे।

सिक्किमका सबै भाषाको विकासको निम्ति राज्य सरकारले काम गर्ने बताउँदै उनले भने- 'भोटिया, लेप्चा र लिम्बू भाषालाई संविधानको आठौं अनुसूचीमा राख्न र ती भाषालाई राज्यस्तरबाट पुरस्कार दिने व्यवस्था गर्ने छौं।' सिक्किमले पर्यटन, खेलकुद, चलचित्र, कृषि लगायतको महोत्सव मनाउँदै आएको छ।

अब सन् २०२२देखि हरेक वर्ष राज्य सरकारले नै हरेक साहित्य महोत्सव मनाउने मुख्यमन्त्रीले घोषणा गरे। साहित्य महोत्सवमा नेपाली, लेप्चा, भोटिया, राई, लिम्बू, हिन्दी, मगर, तामाङ, नेवार लगायतको भाषाको संरक्षण नै यसको उद्देश्य रहने उनको भनाइ छ। सिक्किमका लेखक, कवि, बुद्धिजीवीहरूले लेखेको पुस्तक रकम अभावले छाप्न नसकेमा राज्य सरकारले ती पुस्तकहरू छापिदिने व्यवस्था मुख्यमन्त्री कोषबाट मिलाउने उनले बताए। साथै जसले पनि सिक्किमभित्र आफ्नो चलचित्र बनाउँछ, ७० प्रतिशत छायाङ्कन र स्थानीय कलाकार चलचित्रमा समावेश गर्छ, ती चलचित्र बनाउनेलाई ३० लाखदेखि १ करोडसम्म राज्य सरकारले सहयोग गर्ने उनले बताए।

**नेपाली भाषा र साहित्यको संरक्षण आवश्यक**

नेपाली भाषा, साहित्य, कला, संस्कृति संरक्षण आजको आवश्यकता रहेकोमा सिक्किम साहित्य उत्सवमा सहभागी वक्ताहरूले जोड दिएका छन्।

भाषा, साहित्य, कला, संस्कृति नयाँ युवापुस्तामा हराउँदै गएकोले यसको संरक्षणका निम्ति हामी सबै एक जुट हुनुपर्ने उनीहरूको भनाइ छ। सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बाले भाषा र साहित्यलाई विश्वमा कसरी चिनाएको छौ, त्यसप्रति हामी सबै सजग हुनुपर्ने बेला आएको बताए।

नेपाली भाषा, साहित्य, कला, संस्कृति बिस्तारै बिस्तारै लोप हुँदै गइरहेको बताउँदै उनले भने- 'अहिलेको युवापुस्तामा त्यो क्रेज देखिँदैन, समाजको विकासको निम्ति भाषा र साहित्यप्रति सबैले ध्यान दिनुपर्ने समय आएको छ।'

त्यस्तै सिक्किम विश्वविद्यालयका सह प्राध्यापक डा. देवेन्द्र सुब्बाले नेपाली भाषाको संरक्षण नै अहिलेको मुख्य चुनौति रहेको औंल्याएका छन्। पहिलाका राजा शासनदेखि नै नेपाली भाषामै पत्र र निवेदन लेख्ने चलन रहेको बताउँदै सहप्राध्यापक डा. सुब्बाले भने- 'अहिलेका विद्यार्थीले अंग्रेजी भाषामा पत्र र निवेदन लेख्दा नेपाली भाषा सङ्कटमा पर्ने थालेको छ।' 'प्रयोगकर्ताले नै नेपाली भाषाको प्रयोग गर्दैनन् भने यसको संरक्षण कसरी हुन्छ ?'- उनले भने- 'त्यसैले आफ्नो भाषाको प्रयोग आफैबाट शुरुवात गर्नुपर्ने हुन्छ, अनि मात्र नेपाली भाषाको संरक्षण हुन्छ।'

साहित्य उत्सव आयोजक समितिका संरक्षक जेकब खालिङले सिक्किममा साहित्यिक रुखोपन छाएको बताए। मुख्यमन्त्रीको सहकार्यमा साहित्य उत्सव आयोजना गरी साहित्यिक बाँझोपन हटाउने काम भएको उनको भनाइ थियो। 'यस उत्सवले सबैमा उत्साह र जोस् बढेको छ'- उनले भने- 'आउने पिँढीले पनि भाषा र साहित्यप्रति चासो देखाउनुपर्छ।'

## आफै फोहोर व्यवस्थापन



**झापा, मंसीर १३।** राजनीतिक दलको सभा सम्मेलन होस् या सामाजिक संघ-संस्थाको कार्यक्रम, कार्यक्रम सकिएपछि फोहोर व्यवस्थापनमा कसैले पनि चासो दिँदैन। सार्वजनिक स्थालमा आयोजना गरिने विभिन्न खाले कार्यक्रम सम्पन्न भएसँगै यत्रतत्र छरिएको फोहोर व्यवस्थापन नहुँदा महिनौसम्म फोहोर रहने गरेकोमा नेपाली कांग्रेस झापाको १४औं महाधिवेशनमा उत्सर्जन भएको फोहोर भने सरसफाई गरिएको छ।

नेपाली कांग्रेसका कार्यकर्ता तथा सरसफाई अभियानकर्मीले मतदानस्थल वरपर छरिएका प्रचार सामग्री लगायतका फोहोरको व्यवस्थापन गरेका हुन्। नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गतको गत मंसीर १० गते भएको झापा जिल्ला अधिवेशनका क्रममा मतदान केन्द्रमा छरिएका उम्मेदवारका प्रचार सामग्री, व्यानर, पोष्टर पम्प्लेटलगायतका सामग्री उनीहरुले हटाएका हुन्।

सोमबार कांग्रेसका कार्यकर्ता तथा सरसफाईकर्मी लगायतले बिर्तामोडस्थित मतदान भएको बिर्ताबजारको अनारमनी पब्लिक क्याम्पससहित आसपासका क्षेत्रमा सरसफाई गरेका हुन्।

उम्मेदवारले निर्वाचनका क्रममा प्रयोग गरेका प्रचार सामग्री नेता तथा कार्यकर्ताले हटाउलान् या छाड्लान् भन्ने धेरैमा कौतुहलता भइरहेको बेला राजनीति गर्नेले आफूले गरेको फोहोर आफै नै व्यवस्थापन गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न सरसफाई गरिएको कांग्रेस नेता शेरबहादुर थापाले बताए।

झापा क्षेत्र नं. २का कांग्रेसका महाधिवेशन प्रतिनिधि समेत रहेका थापाको अगुवाईमा सरसफाईकर्मी विष्णु आचार्य, नरेश महरा, कांग्रेसका युवा समिल राईलगायतले मतदान केन्द्र सरसफाई गरेका हुन्।

मतदान केन्द्रमा फ्याँकिएका पानीका बोतल संकलन गरी सरसफाई अभियन्ता गणेश ढुङ्गानालाई प्रदान गरिएको थापाले जानकारी दिए। फोहोरलाई मोहरमा परिणत गर्ने उद्देश्यले उक्त बोतल ढुङ्गानालाई प्रदान गरिएको थापाले बताए।

## राप्रपा अध्यक्षमा डा. लोहनीको समर्थन लिङ्देनलाई

**झापा, मंसीर १३।** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले मंसिर १५ देखि हुने महाधिवेशनमा राजेन्द्र लिङ्देनलाई समर्थन गर्ने भएका छन्। नयाँ नेतृत्व चयनका लागि राप्रपा अध्यक्ष कमल थापा र नेता राजेन्द्र लिङ्देनले उम्मेदवारी घोषणा गरिसकेका छन्।

डा. लोहनीले आफ्नो समर्थन राजेन्द्र लिङ्देनलाई हुने बताए। उनले अहिलेको तीनैजना अध्यक्षले दोहोर्‍याउन नहुने भन्दै नेतृत्व नयाँ पुस्तामा दिनुपर्ने बताए।'कमल थापाले १५ वर्ष पार्टी चलाउनुभयो, पशुपतिशम्शेर जबराले २० वर्ष चलाउनुभयो, अब मलाइ चलाउन दिनुस् भनेको थिएँ'- उनले भने- 'मलाइ चलाउन नदिने भएपछि हामी तीनै जना दोहोर्‍याउनुहुँदैन, नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण हुनुपर्छ।' डा. लोहनीले लिङ्देनलाई समर्थनको घोषणा गर्ने कार्यक्रम मंगलबार राखिएको छ।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले पार्टीको यही मंसीर १५ देखि १७ गतेसम्म काठमाडौंमा हुने एकता महाधिवेशनमा पुनःअध्यक्ष पदका लागि उम्मेदवारी दिने घोषणा गरेका छन्।

ऊर्जाशील नेतृत्व, गतिशील र वैकल्पिक शक्ति निर्माणका लागि भन्ने नारासहित आयोजना गरिएको उक्त घोषणा सभामा उनले पार्टीलाई कहिल्यै विभाजन हुन नदिने संकल्पका साथ उम्मेदवारी दिन लागेको घोषणा गरे। अध्यक्ष थापाले भने- पार्टीका केही काम बाँकी छाडेर पलायन हुने अनुमति आफूलाई नभएकाले उम्मेदवारी दिन लागेको हुँ, एकता महाधिवेशनलाई नाम मात्रका लागि होइन, मन, बचन र कर्मले पनि एकताबद्ध तुल्याउनुपर्छ, पार्टीमा एकता, सद्भावना र सहमतिको सन्देश दिनुपर्छ।

वि.सं. २०४७ मा गठन भएको राप्रपा र राप्रपा नेपालमा अध्यक्ष थापासँग केन्द्रीय सदस्य र अध्यक्ष तीन-तीन पटक भएको अनुभव छ। अध्यक्ष थापाले भने- नेपालको भूराजनीतिक धरातलका आधारमा राजतन्त्रसहितको प्रजातन्त्र र सनातन हिन्दूअधिराज्यका मुद्दालाई प्रखररुपमा अघि बढाइनेछ, त्यसको आधार तयार भएपछि पार्टीको जिम्मेवारीबाट विश्राम लिनेछु।

## करेन्ट लागेर १ जनाको मृत्यु

**मोरङ, मंसीर १३।** मोरङ रतुवामाई नगरपालिका-२ डोरियामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा रतुवामाई नगरपालिका-२ डोरियाका २१ बर्षीय निरञ्जनकुमार सिंह रहेका छन्।

घरको टिनको छानोबाट बिजुलीको तार हटाउने क्रममा करेन्ट लागेर घाइते भएका सिंहलाई उपचारको लागि रंगेली अस्पताल पुर्‍याउँदा चिकित्सकले मृत्यु भएको जानकारी दिएका हुन्। घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय सिजुवाबाट थप अनुसन्धान भइरहेको छ।

## भिरबाट लडेर मृत्यु

**भोजपुर, मंसीर १३।** भोजपुर साल्पासिलिछो गाउँपालिका-६ ढाडेगाँउका ६७ बर्षीय खड्गबहादुर राईको भिरबाट लडेर मृत्यु भएको छ।

भकिम्लो टिप्न गएका राई घर नफर्किएपछि सोमवार बिहान ७ बजे आफन्तहरुले खोजतलास गर्ने क्रममा छुम्लुङ खोलामा मृत अवस्थामा फेला परेका थिए। घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### ओली ...

पेश गरेका थिए। उनले १९ पदाधिकारी र ३०१ केन्द्रीय सदस्यको नाम पढेर सुनाए। विगतको केन्द्रीय कमिटीका अधिकांशलाई समेट्दै ओलीले केन्द्रीय सदस्य थप गरेका छन्।

**वरिष्ठ उपाध्यक्ष र महासचिवमा पोखरेलद्वय निर्विरोध**

नेकपा (एमाले) को जारी दशौं राष्ट्रिय महाधिवेशनमा सोमवार भएको मनोनयनमा वरिष्ठ उपाध्ययक्षमा ईश्वर पोखरेल र महासचिवमा शङ्कर पोखरेल निर्विरोध निर्वाचित भएका छन्।

पार्टीको केन्द्रीय निर्वाचन आयोगले तय गरेको कार्यतालिका अनुसार उम्मेदवारी मनोनयनको समय सकिएपछि उनीहरु निर्विरोध भएका हुन्।

यस्तै उपमहासचिवमा प्रदीपकमार ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल निर्विरोध भएका छन्। अध्यक्षमा भने केपी शर्मा ओली र डा. भीम रावलको उम्मेदवारी परेको छ।

बन्दसत्रमा आइतबार अध्यक्ष ओलीबाट प्रस्ताव गरिएका उम्मेदवारबिरुद्ध उपाध्यक्षमा घनश्याम भुसाल र सचिवमा भीम आचार्य तथा टङ्क कार्कीले उम्मेदवारी दिएका हुन्।

केन्द्रीय सदस्यमा पनि सहमतिको प्रस्तावका अतिरिक्त केही क्षेत्रका सदस्यमा उम्मेदवारी परेको र ती नामावलीको छानविन तथा दाबी विरोधको प्रक्रिया पूरा भएपछि आन्तिम नामावली प्रकाशन गरिने आयोगका अध्यक्ष डा. विजय सुब्बाले जानकारी दिए।

उनले विद्युतीय भोटिङ मेसिनमा डाटा इन्ट्री गर्न कम्तीमा १२ घण्टा लाग्ने भएकाले मतदान सोमवार रातिसम्ममा शुरु हुनसक्ने बताए। हलमा सहमतिका लागि अध्यक्ष ओलीले उम्मेदवारको नाम प्रस्ताव गरे पनि निर्वाचन प्रयोजनका लागि प्रक्रिया गर्नैपर्ने उनले बताए।

### रकम ...

भनी ठगी गरेको अनुसन्धानबाट खुलेको छ। उनले सेटिङ गर्नको लागि खर्च लाग्छ भने अनुसारको रकम दिँदै जानु भनी प्रतिवादीकी श्रीमतीलाई विश्वास दिलाई प्रलोभनमा पारी उक्त रकम ठगी गरेको खुल्न आएको छ। उनलाई आवश्यक कारबाहीको लागि महानगरीय प्रहरी परिसर टेकु पठाइएको उक्त महाशाखाले जनाएको छ।

**हार्दिक बधाई तथा शुभकामना**



संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च संघीय लिम्बुवान मञ्च जिल्ला कार्य समिति झापाको छैठौं जिल्ला अधिवेशनबाट सर्वसम्मतिका साथ अध्यक्ष जस्तो गरिमामय पदमा युवा व्यवसायी, विभिन्न संघ-संस्थामा अग्रणी स्थानमा रही काम गरिरहनुभएका मेरा अनन्य मित्र **नगेन्द्र राई (नगेन)** निर्वाचित हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण जिल्ला कार्य समितिका टिमलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी ५ बर्षे कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु।

प्रो. रोजन श्रेष्ठ
जिविका इन्टरप्राइजेज, दमक, झापा

**होटल बिक्रीमा**

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
मो. ९८०६०३३१५३, ९८२६९०३२५५

**कर्मचारी चाहियो**

बिर्तामोड अतिथि सदन रोडस्थित फ्रेस हाउसका लागि खसी/कुखुरा काट्न र बेच्न जान्ने कर्मचारी तु-चाहियो।
सम्पर्क : ९८१७०७६०४६

**बिमालेख हरायो**

डाँगीबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७८/०६/२० गते मेरो निम्न व्यहोराको एल.आई.सी. नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- लक्ष्मीप्रसाद राजवंशी
ठेगाना:- बाह्रदशी गापा-५, झापा
पोलेसी नं.:- २००००१२४५
कम्पनी नाम: एल.आई.सी.नेपाल लिमिटेड

**बिमालेख हरायो**

बिर्तामोडबाट काठमाडौं जाने क्रममा यही मिति २०७८/०७/०१ गते मेरो निम्न व्यहोराको एल.आई.सी. नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- कमलप्रसाद लुइँटेल
ठेगाना:- बाह्रदशी गापा-३, झापा
पोलेसी नं.:- २००००११९८
कम्पनी नाम: एल.आई.सी.नेपाल लिमिटेड

**बिमालेख हरायो**

राजगढबाट बिर्तामोड आउने क्रममा यही मिति २०७८/०७/०४ गते मेरो निम्न व्यहोराको एल.आई.सी. नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- राहुल सहनी
ठेगाना:- बाह्रदशी गापा-२, झापा
पोलेसी नं.:- २००००१६०९
कम्पनी नाम: एल.आई.सी.नेपाल लिमिटेड
फोन नं. : ९८०४९१३८२२

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बास्तोला
९८२५९२७४७७
९८०६०९०७८१
९८४९५०४७७१
९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# सहयात्रा कायम होस्

झापा कांग्रेसले नेतृत्व हस्तान्तरण गरेको छ । नेपाली कांग्रेसको १४औं महाधिवेशनका सन्दर्भमा आयोजित जिल्ला अधिवेशनले देउकुमार थेवेको नेतृत्वमा समिति गठन गर्दै नयाँ नेतृत्व स्थापित गरेको हो । अधिवेशनका क्रममा भएको निर्वाचन प्रक्रिया संसदीय निर्वाचनकै झल्को दिने गरी सबैलाई चासोको विषय बनेको देखियो । हुन पनि निर्वाचनलाई प्रजातन्त्रको सौन्दर्य नै भनिन्छ, त्यसैले कांग्रेसको निर्वाचनले सबैको ध्यान तानेको हुनसक्छ । स्वस्थ प्रतिष्पर्धा र आन्तरिक तथा गोप्य मतदानले मात्रै जनअपेक्षा र आकांक्षा पूरा गर्न सक्छ । निरंकुशता, एकाकी निर्णय र बाध्यकारी जनमत प्रजातन्त्रको शत्रु नै हो । त्यसउसले पनि नेपाली कांग्रेस जस्तो सबैभन्दा जेठो र गौरवशाली पार्टीले प्रजातान्त्रिक संस्कार, मूल्य र मान्यताको प्रतिनिधित्व गर्नुपर्छ । झापा कांग्रेसले त्यही विशेषतालाई अङ्गिकार गर्दै वडादेखि जिल्ला तहसम्मको समिति गठन गऱ्यो त्यो पनि प्रजातान्त्रिक संस्कार अनुरुप ।

संविधानले नै विधिको शासनलाई आत्मसात गरेको छ । विधि दलको हुन्छ र विधि देशको शासन सञ्चालन गर्नका लागि पनि निर्माण गरिएको हुन्छ । त्यही विधिलाई टेकेर भएको नेतृत्व छनौट प्रक्रियामा सामेल सभापतिका अर्का प्रत्याशी राम कट्टेलले सम्मानजनक उपस्थिति देखाए । अति भद्र, शान्त र सौम्य व्यक्तित्वको परिचय बनाएका कट्टेलले मतगणना समाप्त हुँदा आफ्ना प्रतिष्पर्धी तथा विजेता थेवेलाई बधाई ज्ञापन गरेर प्रजातान्त्रिक संस्कारको उदाहरण प्रस्तुत गरे । निर्वाचनका क्रममा एक–अर्कालाई 'बैरी' ठान्नु र परिणामपछि जनमतलाई स्वीकार गर्दै हार्दिकता प्रकट गर्नु प्रजातन्त्रको सुन्दर पक्ष हो, जुन झापाको कांग्रेस निर्वाचनमा प्रकट भएको छ । जतिसुकै प्रतिष्पर्धा र विरोधाभास अभिव्यक्ति र उपस्थिति देखिए पनि अबको यात्रा सहमति सहकार्य र सहयात्राको हुनुपर्छ जसको संकेत पनि देखिएको छ ।

प्रजातान्त्रिक पार्टीले प्रजातन्त्रको मर्म अनुसार व्यवहार गर्नुपर्दछ । संविधानले मात्र बोलेर अथवा नेताको मुखमा झुण्ड्याएर कुनै पनि दल प्रजातान्त्रिक हुन सक्दैन । निरंकुशताको अन्त्य भएको सात दशक नाघिसकेको छ । त्यसैले सहमतिका नाममा हुकुमी शासन अबको चेतनाको बाधक हो । सायद त्यही कारण यतिखेर जुनसुकै संघ–संस्थाहरुमा तीव्र प्रतिष्पर्धा हुने गरेको छ नेतृत्वका लागि । जहाँ प्रतिष्पर्धा हुन्छ त्यहाँ विचार, सिद्धान्त र निष्ठा पनि प्रकट हुन्छ । त्यसकै आधारमा अब्बल देखिने र निर्वाचित हुने परिपाटी नै प्रजातन्त्र हो र त्यसको विशिष्टता कतै पनि कुण्ठित हुनुहुँदैन । पार्टी भनेकै समाज र देशको सेवा गर्ने उद्देश्यले स्थापित संगठन भन्ने बुझिने भएकाले सबै संघ–संस्था र दलका नेता र नेतृत्व त्यही आदर्श र निष्ठा अनुरुप निर्वाचित हुनुपर्छ । यसका लागि सम्बद्ध मतदाताहरु पनि सचेत र जागरुक हुन जरुरी छ ।

# समृद्ध विश्वका लागि हिंसा होइन महिलालाई आदर देऊ



डा. नम्रता पाण्डे

अरुलाई दुःख या कष्ट पुऱ्याएर मात्र आफूलाई सुख या सन्तुष्टि मिल्छ भन्ने भ्रामक धारणा हिंसाको स्वरूप हो । महिला हिंसाविरुद्धको १६ दिने अभियान २५ नोभेम्बरबाट शुरु भएको छ । सन् १९९३ मा संयुक्त राष्ट्र महासभाले जारी गरेको यो अभियान नेपालमा पनि सन् १९९७ अर्थात् वि.सं. २०५४ देखि बर्षेनि राष्ट्रिय रूपमा मनाउँदै आइएको छ । यो अभियानलाई पर्वको रूपमा मात्रै लिएर महिला हिंसाको अन्त्य हुने होइन ।

महिला भएकै कारण हिंसा भोग्न बाध्य महिला तथा बालिकाको संवेदनालाई ख्याल गर्दै अभियानबाट होइन मानसिक रुपमा हिंसाजन्य क्रियाकलापको अन्त्य होस् भनेर स्मरण गराउनु र चेतना जागृत गर्न झकझक्याउनु यसको मर्म हो । पिछडिएका समाजमा मात्र होइन सम्पन्न परिवारमा समेत परम्परागत मूल्य-मान्यतालाई त्याग्न नसकेर नजानिँदो तरिकाले महिलामाथि मनोवैज्ञानिक असर पुऱ्याउने काम हुन्छन्, त्यो पनि हिंसाको, टर्चरको एउटा स्वरूप हो । त्यसैले हिंसा गरिबीको कारणबाट मात्र नभएर मानसिकताबाट रूपान्तरण हुनु पर्दछ । मानसिक सोचको परिवर्तन आदरभावले मात्र परिवर्तन हुन्छ, जुन सहज र मानवीय स्वभाव हो ।

**महिला स्वभावलाई आदरको खाँचो**


घरको व्यवहारमै महिला भनेको कमजोर प्राणी होइन, उनको स्वभाव दयालु र सरल हुन्छ । उनको स्वभावलाई आदर गर्ने संस्कारको विकास जरुरी हुन्छ । महिलाले तर्क गर्न छोडेर मौन र शान्त बस्नु अनि आँशु बगाउनु कमजोरी होइन । त्यो त आत्मिक निर्भयता हो । बाहिरका परिस्थितिसँग तर्क गर्ने र जवाफ दिएर जित्ने स्वभाव नहुनु, भित्रैदेखि अरुबाट प्रकट हुने कमजोरीलाई पचाइदिनु हो । आत्मिक शक्तिलाई कुनै शारीरिक शक्ति र तर्कको शक्तिले पराजय गर्न सक्दैन ।

जीवनको एकतिहाई समय बा-आमाको काखमा बिताएर आएकी श्रीमतीले नयाँ घर-परिवार र परिवेशमा सहनशील भएर बस्न र जीवन गुजार्न सक्छिन् । श्रीमान चार दिन ससुराल गएर बस्नुपऱ्यो भने उनलाई व्यवस्था मिल्दैन, सहज लाग्दैन । मतलब पुरूषमा सहनशीलता र स्वीकार्य सहजरूपमा आउँदैन । के महिला कमजोर भएको कारण विवाह गरेर गएको घरमा बस्न सकेकी हुन् र ?

महिलाको निम्ति प्रयोग हुने शब्दहरू जसलाई सुन्न सकिन्न, पीडा भएर आउँछ । बोक्सीको आरोप, दाइजोको नाममा मानसिक एवम् शारीरिक पीडा र सामाजिक भेदभाव सबै महिलालाई सृष्टिको, मातृत्वको आदर दिन नसकेर वस्तुसँग विनिमय जस्तो व्यवहार र घृणित व्यवहार हुन पुग्ने हो ।

घरका बा-आमालाई आफ्नी छोरीप्रति स्नेह र भरोसा सँगसँगै भयो भने महिलालाई समाजले कमजोर तुल्याउन सक्दैन । बुहारी बिहे गरेर दाइजो भित्र्याउने लोभलालचको मानसिक सोच त्यागेर छोरीलाई शिक्षित र आत्मनिर्भर बनाएर आफ्नो घर परिवार आफैं सम्हाल्न सक्ने बनाउने ठूलो सोचको विकास हुनु जरूरी छ ।

छोरीलाई कसैसँग परनिर्भर बनाउने सोचबाट माथि उठेर छोरीले परस्पर निर्भरतालाई साथ दिन सक्ने कसरी बन्छिन् । त्यसमा ध्यान दिनुपर्ने हुन्छ । छोरीलाई सम्पत्ति दिएर पठाउने होइन छोरी नै सम्पत्ति हुन् भन्ने अभिभावकले गर्व गर्न सकून् भन्ने चेतना घरघरमा विकास गर्नु जरुरी छ । यो सशक्तिकरणको अभ्यासलाई सीमान्तकृत समुदायमा कसरी पुऱ्याउने राज्य, महिला तथा बालबालिकाका निम्ति खुलेका संघ-संस्था लगायतले अभियान शुरू गर्नु जरूरी देखिन्छ ।



**अधिकार होइन आधार**

महिलाहरू आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिक लगायत मानव अधिकारका आधारभूत अधिकारहरूबाट वञ्चित छन् भन्ने भाषण धेरै सुनिन्छ, आलेखहरु प्रशस्त आउँछन् । तर, रूपान्तरण सोचे जति र जसका लागि आउनुपर्थ्यो आएको छैन ।

महिला भएर सृष्टिमा आउनु र आफैं सृष्टिको हिस्सा भएकी महिलालाई कसले अधिकार दिनुपर्छ ? महिलाले अस्तित्वबाट पाएको सर्वोपरी गुण, मातृत्वको गुणलाई नजरअन्दाज गरेर बाहिरबाट देखिने र दिन सकिने सम्पत्ति, शिक्षा, स्वास्थ्य र राजनीतिक सहभागितालाई अधिकारको रूपमा माग्नुपर्ने यो विडम्बना हो ।

महिलालाई मात्र चाहिने होइनन् ती कुरा ती क्षेत्रमा महिलाको सहभागिता रह्यो भने सुनमा सुगन्ध हुने हो । त्यसैले महिलालाई पुरूषले दिए मात्र पाउँछन् भन्ने सोचमा नै परिवर्तन आउनु जरुरी छ । पुरूष महिलाले दिएको सृष्टि हो । सृष्टिकर्तालाई के दिन सकिन्छ ?

कल्पना पनि गर्न नसकिने घरेलु हिंसा, आरोप, गालीगलोज र हत्यासम्म गर्न पुग्ने प्रवृति र घटना किन हुन्छन् ? किन न्यूनीकरण हुन सकेका छैनन् ? जरैबाट यसको मनोविज्ञान पत्तालगाउनु जरूरी । जीवनका लागि ठूला र महत्वपूर्ण कुरा अस्तित्त्वले आफैं दिन्छ । मानिसले दिने भनेको सानातिना कुरा हुन् अस्तित्वको अगाडि । मैले दिएँ, मैले दिएर मात्र महिलाले पाउँछन् भन्ने सोच पुरूष सोच होइन । त्यो समाजले निर्धारण गरिदिएको धारणा र कथा हो ।

त्यसैले महिला भएकै कारणले हुने हिंसात्मक र अप्रिय घटनालाई न्यूनीकरण गर्ने हो भने अब धारणा बदलिने सोचका साथ काम गर्नुपर्छ । पितृसतात्मक सोच, अभ्यास, परम्परा भन्ने अभ्यासलाई न्यूनीकरण गर्दै जानुपर्छ । महिला पुरूष सृष्टिका आधार हुन्, एकअर्काका परिपूरक हुन् भन्ने कुरालाई आफ्नै घरबाट सिकाउनु जरूरी छ ।

सबै महिलालाई आदरको भावले हेर्न सिकाउनुछ आफ्ना परिवार र सन्तानलाई । विद्यालयमा केटा र केटीलाई मित्रवत सहकार्य र सहयोग गर्न सिकाउनुछ । शैक्षिक सामग्री त्यस्तै विकास गरिनु जरुरी छ । अन्यथा पुस्तान्तरण र आधुनिक देखासिकीमा हाम्रा सन्तानले पाउने संस्कार र शिक्षा नकारात्मकतातिर भड्किने नहोलान् भन्न सकिन्न । समानता कागज, संविधान र नीति निर्देशनमा होइन हृदयमा विकास गर्नुछ । महिलालाई अधिकार दिने होइन मातृत्वको, सृष्टिको, प्रेमको आधार बन्ने कोशिस गरे र सुन्दर समाजको निर्माण हुन्छ ।

**गरिबी र महिला हिंसा**

मेरी आमा महिनावारी हुँदा खाना बनाउनु हुन्नथ्यो । तर, घरका परिवारले खाएका सबै जुठा भाँडा माझ्नु हुन्थ्यो । हजुरआमाले सुनपानी छर्केर ती भाँडालाई चोखो बनाई भान्छामा लैजानु हुन्थ्यो । हुन त मेरी आमाले पनि नाक, कान, घाँटीमा सुन त लगाउनु हुन्थ्यो । तर, उहाँले माझेका भाँडा किन जुठा हुँदा हुन ?

भाइ जन्मिँदा हामी ठूलै कुरा बुझ्ने भइसकेका थियौं । छोरो भनेर हजुरआमाले खाना आफ्नै काखमा राखेर खुवाउनु हुन्थ्यो । तर, भाइ हजुरआमाबाट भागेर आमाको दूध चुस्न जान्थ्यो । यो घटनाबारे मैले बोल्न सक्ने भएकी थिएँ - त्यसैले भनें- हजुरआमा हजुर महिनावारी हुँदा बुबाले दूध चुस्नु भयो नि ? तर, ठूलो भएपछि हजुरले महिनावारी भएर पकाउन र खुवाउन नहुने किन ?

हजुरआमाको जवाफ थियो- आयु घट्छ रे के महिनावारी भएका महिलाले पकाएर पुरूषलाई खुवाए ! हजुरआमाले सिकेको संस्कार र पाएको शिक्षा अरू धेरै तर्क गरेर बुझाउन सकिन्नथ्यो । तर, महिनावारी हुँदा बुबाले आमालाई गर्ने व्यवहारमा परिवर्तन ल्याउन सकिन्थ्यो ।

आजकल पनि धेरै महिलाले महिनावारीमा पकाउने खुवाउने गर्छन्, तर खुलेर भन्दैनन् । खुलेर भन्न सक्ने हुन अझै केही वर्ष पर्खिनुपर्ला । त्यति मात्र कहाँ हो र! भान्छामा गएर पकाउन गाह्रो मान्ने र ढंग नहुने पुरूषले समेत चार दिन आफ्नी श्रीमतीलाई अछुतो नै देख्छन् । महिनावारीमा अपनाउनुपर्ने सरसफाई, आराम, पोषणको आवश्यकता फरक कुरा हुन् र छोइछिटो फरक कुरा हुन् भनेर नबुझेको कि बुझाउन नसकिएको ?

धेरै अनुसन्धान र तथ्यांकले महिला हिंसाका घटना गरीब परिवारबाट गरीब परिवारमाथि नै भएकाले घटनाको कारण गरिबी हो भनिन्छ । आर्थिक सम्पन्नता एउटा पाटो हो सहज जीवन र प्रज्ञा जागरण एवम् शैक्षिक विकासको लागि । यसमा राज्यको महत्वपूर्ण दायित्व रहन्छ ।

मानसिक गरिबी अर्को ठूलो रोग हो । सृजनशीलता र मानव संशाधनलाई राज्यले उत्पादकत्वमा परिणत गर्न नसक्नु अनि सम्पन्न परिवार र व्यक्तिले विपन्नलाई आफ्नो कब्जामा राख्ने प्रयास जारी राखिरहनु । गरिबीमा रहेका महिला तथा बालबालिकालाई सम्पत्तिको लोभ देखाएर यौनजन्य अपराधिक क्रियाकलाप गरी बलात्कार र हत्या समेत गर्ने काममा धनाढ्यकै सहभागिता रहने गरेको पाइन्छ । गरिबीकै कारण हिंसामा परेकी छोरी, श्रीमतीभन्दा समाजको लागि आफ्नो इज्जत बचाउने नाममा अपराधिक घटनालाई लुकाएर न्यायिक सहायता लिन पछि पर्नेहरु धेरै छन् । धनाढ्यसँग धन हुन्छ, करूणा हुँदैन । करुणाको अभाव नै हिंसात्मक गतिविधिलाई साथ दिने माध्यम हो ।

गरिबीकै कारण शिक्षा, स्वास्थ्यको पहुँच नपाउने महिला तथा बालबालिकाले आफूमा पनि अदम्य साहस र सिर्जना छ भन्ने बोध गर्न पाएका छैनन् । उनीहरुकै लागि बनेको संविधान र नीति-नियम कहिले पढ्ने उनीहरुले ? धेरै छन् यस्ता समुदाय र पीडित छोरीहरू जसमा सम्बन्धित सरोकारवालाको ध्यान जानुपर्ने र रुपान्तरण आउनुपर्ने पक्ष ।

महिलाप्रतिको आदरभाव पहिलो कसी हो हिंसात्मक गतिविधिलाई रोक्ने । त्यसैले समृद्ध समाजका लागि आदर गरौं महिलालाई । काममा, घरमा, विद्यालयमा, राजनीतिमा, धर्ममा, अध्यात्ममा, सडकमा, सवारीसाधनमा, अस्पतालमा अनि जहाँ महिला देख्छौं त्यहाँ । किनकि महिला हामी सबैकी सृष्टि हुन् । *थाहा खबर*

# खड्काद्वारा पार्टीको भवन निर्माणका लागि जग्गादान



**इलाम, मंसीर १३।** नेपाली कांग्रेस इलामको पार्टी सभापति निर्वाचित भएपछि डम्बर खड्काले पार्टीको भवन निर्माणका लागि साढे पाँच आना जग्गा दिने घोषणा गरेका छन् ।

इलाम अस्पताल नजिक रहेको साढे पाँच रोपनी जग्गा पार्टी भवन निर्माणका लागि दिएका हुन् । खड्काले पार्टी कार्यालय भवन निर्माणका लागि एक करोड रुपैयाँ दिने घोषणा गरेका थिए । सोही घोषणा बमोजिम करिब ९० लाख रुपैयाँ मूल्य बराबरको जग्गा पार्टी कार्यालयको भवन बनाउन दिने घोषणा गरेका हुन् ।

'इलाम बजारमा मेरो नाममा भएको जग्गा पार्टीलाई दिने घोषणा गरेको छु, प्रक्रिया पूरा गरेर पार्टीको नाममा पास गर्छु' -खड्काले सभापतिमा निर्वाचित भएपछि पत्रकार सम्मेलन गरेर भने- 'त्यहाँ भवन निर्माण थाल्छौं, त्यो जग्गामा भएको रुख काट्न भनिसकेको छु ।'

उनले तुरुन्तै पार्टीको कार्यालय भवन निर्माण शुरु हुने जानकारी दिए । पार्टी भवन निर्माणका लागि आइतबार नै सात लाख रुपैयाँको प्रतिबद्धता पाएको समेत उनले बताए । आफूले पार्टी भवन निर्माणका लागि एक करोड रुपैयाँको योगदान गर्ने बताएका खड्काले जग्गाको मूल्यांकनभन्दा बाँकी रकम भवन निर्माणमा लगाउने बताए ।

'मैले उपलब्ध गराएको जग्गाको मूल्यांकनभन्दा बाहेकको रकम पार्टी भवनको लागि खर्चिन्छु' -खड्काले भने- 'भवन निर्माणका लागि सात लाख रुपैयाँको प्रतिबद्धता आएको छ, अरु साथीहरू पनि भवन निर्माणका लागि लगानी गर्न तयार हुनुहुन्छ ।'

जिल्ला सभापतिमा निर्वाचित भएका खड्काले पराजीत भएका सबैलाई मिलाएर लैजाने दाबी गरे । 'म महाधिवेशनमा पराजित भएकाहरूलाई सम्मान गर्छु, उहाँहरूलाई उचित स्थान दिन्छु' -खड्काले भने- 'पार्टीमा प्रतिस्पर्धा गरेका कारण तिक्ततामा रहनुपर्ने केही कारण छैन ।' खड्काले इलाममा गुटको राजनीति अन्त्य गर्ने र मूल्यांकनको राजनीति स्थापित गर्ने दावी गरे ।

# माओवादी केन्द्रमा नयाँ नेतृत्व

**पथरीशनिश्चरे, मंसीर १३।** नेकपा माओवादी केन्द्र पथरीशनिश्चरे नगर अधिवेशनबाट चेतन दाहालको अध्यक्षतामा ६५ सदस्यीय नयाँ कमिटी चयन भएको छ ।

नगर अधिवेशनले दाहालको नेतृत्वमा कमिटी चयन गरेको हो । नगर कमिटीको उपाध्यक्षमा प्रेम ढकाल, कमल हाङवाङ, गोविन्द कटुवाल, सचिवमा मोहन लिम्बू, सह-सचिवमा मान दियाली र कोषाध्यक्षमा अनिता राई (अनु)चुनिएका छन् । त्यसैगरी, सदस्यहरुमा दिपेन्द्र धमाल, देवीप्रसाद ढकाल, राजकुमार राई, धनबहादुर मगर, जयकुमार भट्टराई, महेन्द्रप्रसाद तिम्सिना, छत्रबहादुर बस्नेत, निलाराज गिरी, डम्बरबहादुर मगर, सीताकुमारी राई, राजकुमार विक रहेका छन् ।

त्यस्तै, निरबहादुर धनामगर, ध्रुवकुमार विश्वकर्मा, एम भट्टराई, मानबहादुर विश्वकर्मा, धनकुमार सुब्बा, मैयाकुमारी विक, लीलाबहादुर कटुवाल, पासाङ तामाङ, टंकमाया गौतम, डम्बरप्रसाद लुइँटेल, नगेन्द्रबहादुर घिमिरे, अर्जुन राया अमास, गोमाकुमारी लुइँटेल, भुवनसिंह लिम्बू, बेदनिधि खनाल, कृष्णबहादुर लिम्बू, पदमबहादुर लिम्बू, नेत्रप्रसाद न्यौपाने, तिवेन्द्र ढकाल चयन भएका छन् ।

अन्य सदस्यहरुमा, मानबहादुर बस्नेत, ओमप्रसाद राई, नन्दीकेशर उप्रेती, द्रोणबहादुर खड्का, चन्द्र गुरुङ, मानबहादुर दियाली, भीमबहादुर मगर, पदन पाखेल, रविन्द्रकुमार राई, लालबहादुर गुरुङ, केशवकुमार कुरुङ्वाङ, सिर्जना धिमाल, संगीता दुलाल, सुमन कुरुङ्वाङ, दानबहादुर लिम्बू, पूर्णकुमार चेम्जोङ, वीरबहादुर तिम्सिना, पुनम खतिवडा, कमलबहादुर कटुवाल, चन्द्रमोहन चन्द्रवंशी, झमकलाल भट्टराई, रामचन्द्र लिम्बू, कर्णबहादुर गिरी, कृष्णबहादुर बस्नेत, श्यामबहादुर चौहान, विनोद धिमाल, विपिन गुरुङ, देवीमाया शेर्मा, सुमन सुब्बा लिम्बू, दिपेश राई र सन्तोष विक रहेका छन् ।

नगर सम्मेलन आयोजक कमिटीका संयोजक चेतन दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विशिष्ठ अतिथि माओवादी केन्द्रका केन्दीय सदस्य सावित्रीकुमार काफ्ले, संविधान सभा सदस्य एवम् प्रदेश सदस्य लालबहादुर सुस्लिङ, नगर इन्चार्ज दिनानाथ तिम्सिना, नेकपा समाजवादीका प्रदेश सदस्य चण्डीप्रसाद राई, संघीय समाजवादीका नगर अध्यक्ष फिपराज लिम्बू लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन आयोजक समितीका सचिव मोहन लिम्बूले गरेका थिए ।

# न्यू भिजनको सभा




**चारपाने, मंसीर १३।** बिर्तामोडमा रहेको न्यू भिजन बचत तथा ऋण सहकारी संस्थाले आफ्नो आठौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

मंसीर ९ गतेदेखि शुरु भएको साधारणसभालाई प्रतिनिधीमूलक शेयर सदस्यहरुको उपस्थितमा आफ्नै कार्यालयमा सम्पन्न गरेको हो । आर्थिक बर्ष २०७७/०७८ को लागि नीति नियमहरुको विकास, संस्थाको मौजुदा विनियम संशोधन, कोभिड-१९ छुट, संरक्षित पुँजी कोष, कम्प्यूटर आधारित लेखा प्रणाली संस्था एकीकरण तथा सेवाकेन्द्र बिस्तार, लेखा परीक्षक नियुक्ति लगायतका विषयलाई सभाले पारित गरेको छ । आगामी बर्षको योजनामा सदस्य हित बीमा, सदस्य शिक्षा, प्रविधि उन्मुख व्यवस्थापन जस्ता योजनाहरुलाई संस्थाले अघि सारेको छ ।

संस्थाको कुल पुँजी तथा दायित्वमा यस बर्ष ७२,६३१,६४१ र गत बर्ष ४१,०६६,६४१ रहेको थियो । यस बर्ष खुद नाफा २६८,८३६ रहेको छ । संस्थाका अध्यक्ष रोशन सुवेदीको अध्यक्षतामा आयोजित साधारणसभामा बिर्तामोड नगरपालिका सहकारी तथा सामाजिक विकास विभागका प्रमुख डिल्ली दाहालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, जिल्ला सहकारी संघका सदस्य कृष्ण पौडेल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव सार्दुलहाङ ओलीले गरेका थिए ।

# आमा र बहिनीको कुटपिटबाट राजेन्द्रको मृत्यु

**मोरङ, मंसीर १३।** आमा र बहिनीको कुटपिटबाट मोरङ कटहरी गाउँपालिका-५ का ४० वर्षीय राजेन्द्र उरावको मृत्यु भएको छ।

कुटपिटमा संलग्न रहेका ५५ वर्षीय बातियो उराव र ३० वर्षीय रीता उरावलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। गत मंसीर ११ गते राजेन्द्रले मादकपदार्थ सेवन गरी बादविवाद हुँदा आमा र बहिनीले बाँसको लाठीले टाउकोमा प्रहार गर्दा घाइते भएका राजेन्द्रको नोबेल अस्पताल बिराटनगर उपचारको क्रममा आइतबार राति मृत्यु भएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# दुर्घटनामा सहचालकको मृत्यु

**सुनसरी, मंसीर १३।** सुनसरीको रामधुनी नपा- ६ इचौलमा ट्याक्टर दुर्घटना हुँदा सहचालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा सुनसरी बराह नपा ६ चकरघट्टीका २२ वर्षीय मुकेश मल्लाह रहेका छन्। को २ त ६४८७ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा पछाडिको ट्रलिले किचेर गम्भिर घाइते भएका उनको उपचारको क्रममा मृत्यु प्रहरीले जनाएको छ।

## कर्मचारी चाहियो

बिर्तामोड-४, स्थित बस्नेत फ्रेस हाउसका लागि खसी काट्न र बेचन जान्ने मान्छे तु-चाहियो ।
तलब सुविधा : १४०००+खान/बस्न
सम्पर्क : ९८०३४०१९७०

## आवश्यकता

यस ग्रीन मार्ट प्रा.लि. कम्पनीमा केही दक्ष, अनुभवी कर्मचारीको माग भएको हुँदा इच्छुक व्यक्तिले कार्यालयमा सम्पर्क गर्नुहोला ।
पदः P.R.O. (M.R. अनुभवीलाई प्राथमिकता)
योग्यता : +२, एसईई वा सो सरह
तलबः १५०००/- दस्तुरः ३००/-
कागजातः नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, ३ प्रति पीपी साइजको फोटा
सम्पर्कः ९८६६६७२५७९ (बिर्तामोड) ९८१९०८३०७७, ९८१७०५०१५८ (दमक)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित होटलका लागि केही कर्मचारी आवश्यक परेको हुँदा दक्ष, इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
कुक : १ जना
हेल्पर कुक : १ जना
सम्पर्क : ९८५२६७२५९६

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः ९८०८७०५२०६/९८६३९८३६६८ ९८०७९३०७४०/९८४०४९८३५५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्कः ०२३-५५२६२० ९८४२६५५७००, ९८०४९३८१००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क :
कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ५ बस्ने श्री मनमाया लुइँटेलले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क् प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ कि.नं. ३९७०, ३९७५ श्री मेनुका सुवेदी, दुर्गाकुमार ढुंगाना
२) पश्चिमतर्फ कि.नं. २७५६, २७६० श्री सीतादेवी लुइँटेल
३) उत्तर तर्फ बाटो
४) दक्षिणतर्फ टुकेन्द्र अधिकारी

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| साविक पाराखोपी-७ हाल अर्जुनधारा-५ | ३९८७, ३९८३ | ०-०-१० | १७४३ २०७८।०७।१४ | २०७८।०७।३० | २०७८।०८।१३ |

## होटल तालिममा भर्ना खुल्यो

**१००% रोजगारसहित CTETE बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो**
काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्गको ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो ।

तालिमहरु :
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

हाम्रा विशेषताहरु
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुनः रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौं ।

**एसीयन हस्पिटालिटी प्रा. लि.,** बिर्तामोड, झापा
पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

ज्ञानीराम अग्रवालको नाति, मुखराम अग्रवालको छोरा १ नं. प्रदेश झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ०४ बस्ने महावीरप्रसाद अग्रवालले यस इलाम शाखामा खाता नं. २१११५२४२५०००४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८.०१.२७ मा निज खातावाला महावीर अग्रवालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने मीनादेवी अग्रवालले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक महावीरप्रसाद अग्रवालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बरः ०२७-५२१७२४
फ्याक्सः ०२७-५२१७३१

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बितामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## श्री कृष्ण सुपारी सहकारी संस्था लि.
बुद्धशान्ति-१, बुधबारे, झापाको

### बोलपत्र आह्वान सम्बन्धी सूचना

Ministry Of Agriculture and Livestock Development (MoALD)
Prime Minister Agriculture-Modernitation Project (PM-AMP)
Project Implementation Unit (PIU), Bhadrapur, Jhapa

यस संस्थालाई निम्न (specification) अनुसारको मेशनरी सामान खरिद गर्नुपर्ने भएकोले सामान खरिद नियमावली २०६४ अनुसार बिक्री गर्न सकिने न्यूनतम मूल्य उल्लेख गरी मिति २०७८/०९/१४ गतेभित्र संस्थामा आइपुग्ने गरी (आवश्यक कागजातसहित) बोलपत्र पेश गर्न सरोकार पक्षहरुमा आह्वान गरिन्छ ।

**SPECIFICATIONS FOR SUPARI PROCESSING FACTORY ESTABLISHMENT**

| s.no. | Description | Product Specifications | | QTY | Remarks |
|---|---|---|---|---|---|
| 1. | Pouch Packing Machine | Power Consumption | 1.5 KW | 1 | |
| | | Production Capacity | 20-25 (pouch per minute) | | |
| | | Pouch Weight | 10-50 Grams Packing | | |
| | | Motor Capacity | Half HP Main Motor, Single Phase | | |
| | | Gearbox | Yes | | |
| 2. | Heavy Automatic Diamond (Tukda) Supari Cutting Machine | Production Capacity | 80-100 kg/Hr | 1 | |
| | | Weight | 175 Kg | | |
| | | Dimension | L-22.5", B-39', W-17' | | |
| | | Motor Capacity | 2 Hp Motor Single Phase | | |
| 3. | Supari Peeling Machine | Pealing Capacity | 175 to 200 Kg/Hr | 1 | |
| | | Motor Capacity | 2 Hp single Phase 220 V | | |

Prepared By : mani kumar Sharma SUB-Engineer
Checked By:
Approved By : वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.प्रा.) २०७८/०८/१४

## UAE मा Civil/ex-army/ex-police महिला तथा पुरुष सेक्युरिटी गार्डहरूलाई रोजगारको अवसर

कम्पनी : ORION SECURITY COMPANY शहर : UAE
पूर्व स्वीकृति मितिः २०७८/०६/१५ LT No. 249656 चलानी नं. ६०१६८३०५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|---|
| १. | PSBD Security Guard | ५० पुरुष | २० महिला | 2770/- AED | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |
| | Security Guard-SIRA | ५० पुरुष | २० महिला | 2000/- AED | | | |

S.L.C. पास भएको हुनुपर्नेछ। अंग्रेजी राम्रोसँग बोल्न, लेख्न, पढ्न सक्नुपर्नेछ। PSBD को लागि उचाइ ५.६ फुट हुनुपर्नेछ। DPS को लागि ५.५ फिट हुनुपर्नेछ। महिलाको हकमा उचाई ५ फिटदेखि माथि हुनुपर्नेछ। Civil-Ex army, Police मा काम गरेकालाई विशेष प्राथमिकता।

फाइनल अन्तरवार्ता यही मंसीर १५ गते बुधबार सेन्टपोइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

**VRINADIT SERVICES Pvt. Ltd.**
Sanepa, Kathmandu (Mo. 9842665853, 9807934609, 9807915228

## UAE मा रोजगारको अवसर

कम्पनी : HARBOUR INN CLUB (Internet Caterinong) UAE
पूर्व स्वीकृति मितिः २०७८/०७/२९ LT No. 250774 चलानी नं. ६०१६७६६५

| सि.नं | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | F&B Supervisor | २० | 1500+Food | १० घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Ganeral cook | ३० | 1300+Food | | | |
| ३. | Assistant cook | ३० | 1000+Food | | | |
| ४. | Chapati Maker | १० | 1000+Food | | | |
| ५. | Bakery | २० | 1000+Food | | | |
| ६. | Waiter | ८० | 1200+Food | | | |
| ७. | Waiteress | १५ | 1200+Food | | | |
| ८. | Cleaner | ८० | 1000+Food | | | |
| ९. | Office Boy | १५ | 1200+Food | | | |
| १०. | Watchman | १५ | 1200+Food | | | |

यसको फाइनल अन्तरवार्ता यही मंसीर १५ गते बुधबार सेन्टपोइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

**SAGAR RECRUITMENT Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu
मो. ९८४२७१६८४५, ९८१५९३३३०३, ९८२३३४७५६९, ९८२४०३६२७५

नोटः यस मेनपावरलाई कम्प्युटरमा दक्ष १ जना डकुमेन्टेशन आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ। मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। काम सम्पादन नभए पनि दिगो योजना बन्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ। तारिफयोग्य काम गर्दै कीर्तिमानी हातपार्ने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बिहान रमाइलो देखिए पनि दिउँसोतिर अस्वस्थ[redacted]मा जुट्न नसकिएला। साथ दिनेहरू नहुँदा दुःख पा[redacted]

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बाध्यताले अप्ठ्यारो पार्न सक्छ। सामान्य क[redacted] र श्रम समेत खर्च हुनेछ। गोपनीयता भंग हुन[redacted] समस्यामा परिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सहयोगीहरू पछि हट्नेछन् भने कमजोरीको [redacted]ले उठाउन सक्छन्। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ। व्यापार बढ्नेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** धन तथा ज्ञानको भण्डार बढ्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। प्रियजनसँग भेटघाट होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आतिथ्यपूर्ण सम्मान प्राप्त होला। गृहस्थी यात्रा रमाइलो रहनेछ। आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिस्थितिवश सानोतिनो समस्याले अल्झाउन सक्छ। मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रतिस्पर्धामा विजयी भइनेछ भने ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। ईर्ष्या गर्नेहरूलाई मिहिनेतको पाठ सिकाउन सकिनेछ।